# आर्थिक वर्ष २०८०/०८१ को
# बजेट बक्तब्य

लमही नगरपालिका, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०८०

लमही नगरसभामा मिति २०८० आषाढ १० गते आईतबार
उप प्रमुख श्री लक्ष्मी योगीले
प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८०/०८१ को
# बजेट बक्तब्य

लमही नगरपालिका, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०८०

**तेह्रौं नगरसभाका सम्मानित अध्यक्ष महोदय,**
**सम्मानित सदस्य ज्यूहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरु,**

लमही नगरपालिकाको सम्मानित सभा समक्ष नगर उप-प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

सर्वप्रथम देश र जनताको निमित्त आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय र समृद्धिको लागी अग्रपंक्तिमा रहि मार्गचित्र कोर्न संघर्ष गर्ने सम्पूर्ण नेपाली नागरिक, सहिद परिवार, वेपत्ता नागरिक, घाइते योद्धा र अग्रजहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दै बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

संविधानले निर्देश गरेको मार्गदर्शनमा रहि शिक्षा, स्वास्थ्य, कृषि, पशु, रोजगार तथा गरिबीको रेखामुनि रहेका र विभेदमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति र समुदाय लगायत सबै नागरिकको विकास र समृद्धि पथको आकाङ्क्षा सम्बोधन गरी आगामी बजेट केन्द्रित गरिएको छ ।

नेपाली जनताको चाहना, आकाङ्क्षा र लामो संघर्षबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना भएको छ । लोकतान्त्रिक ब्यवस्था र प्रणालीलाई आत्मसाथ गर्दै, यस लमही नगरपालिकालाई पनि समृद्ध बनाउदै **नमूना नगरपालिका** बनाउने हाम्रो अभियानलाई सार्थक बनाउन हामी निरन्तर प्रयासरत छौं । यस अभियानमा सम्पूर्ण क्षेत्रबाट रचनात्मक र सकारात्मक सहयोगको अपेक्षा गरिएको छ ।

हामी निर्वाचित भएर नमूना नगरपालिका बनाउने अभियानका साथ जनताको सुख, दुखमा हातेमालो गर्दै यस लमही नगरपालिकामा आएको १ वर्ष पूरा भएको छ । सो अवधिमा यस लमही नगरपालिकामा धेरै महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् र केही सम्पन्न हुने प्रकृयामा रहेका छन् । यस नगर क्षेत्रका नगरवासीहरुको साथ, सहभागिता र सहयोगले हामी अत्यन्त उत्साहित भएका छौं । यो सरकार लमही नगरपालिकाको आशा, अनि विस्वासको केन्द्रविन्दु भएको महशुस गरी नगरवासीहरुले पाउने सेवा, सुविधा र सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, भरपर्दो र पारदर्शी बनाउन हामी हरपल प्रयत्नरत रहनेछौं । हामीले सवै नगरबासीहरुको साथ, सहयोग अनि मार्गदर्शनको सदैव अपेक्षा गरिरहनेछौं ।

बजेट तर्जुमा गर्दा नेपालको संविधान, संघीय सरकारको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम, लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन, आर्थिक ऐन, आर्थिक विधेयक, **निवर्तमान नगरप्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य र नगर सभाका सदस्यहरु** साथै विभिन्न राजनीतिक दलका पदाधिकारीहरु, संघ सस्था, बुद्धिजिवि, नागरिक समाज, व्यवसायी, नागरिकहरुबाट प्राप्त सुझावहरुलाई यथासम्भव मार्गदर्शनको रुपमा लिएका छौं ।

**अध्यक्ष महोदय,**

**सदस्य ज्यूहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

1= अव म लमही नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को वार्षिक आर्थिक गतिविधि तथा कार्यान्वयन अवस्थाको समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

2= चालु आर्थिक वर्षमा यस लमही नगरपालिकाको लागी संघीय सरकारको समानीकरण अनुदान तर्फ १५ करोड ९० लाख, संघीय सरकार राजश्व बाँडफाँड रकम रु. १३ करोड ५१ लाख ५० हजार, संघीय सरकार सशर्त अनुदान रकम रु. ३८ करोड ५ लाख, संघीय सरकार बिशेष अनुदान रु. ३ करोड, प्रदेश वित्तीय समानीकरण अनुदान रु. ८९ लाख २३ हजार. प्रदेश सवारी साधन कर बाँडफाँड अनुदान रु. २करोड ८६ लाख ७७ हजार, प्रदेश सरकार रोयल्टी रु. ४४ हजार ३२, प्रदेश शसर्त अनुदान रु. १ करोड ३० लाख, प्रदेश सरकार विशेष अनुदान रु. ७० लाख, प्रदेश सरकार समपुरक अनुदान रु. १ करोड ९९ लाख ९८ हजार, आन्तरिक आय तर्फ ३३ करोड ८० लाख, लमही अस्पतालको आन्तरिक आय रु. ९९ लाख र बैंक मौज्दात रु. २५ करोड ७८ लाख २५ हजार ९ सय ६८ गरी जम्मा रु. १ अर्ब ३९ करोड ८० लाख २० हजार रुपैंया कुल बजेट विनियोजन गरेका थियौं ।चालु आर्थिक वर्षमा धेरै कार्यक्रमहरु सम्पन्न भईसकेका छन् भने बाँकी कार्यक्रमहरु सम्पन्न हुने प्रकृयामा रहेका छन्

3= चालु आर्थिक वर्षमा आन्तरिक आय तर्फ ३३ करोड ८० लाख प्रक्षेपण गरिएकोमा आषाढ ८ गते सम्म जम्मा रु. ३ करोड ५६

लाख ३३ हजार ३ सय २३ मात्र संकलन भएको छ । जुन कुल प्रक्षेपणको जम्मा १०.५ प्रतिशत मात्र हुन आउछ ।

4= वडा स्तरमा संञ्चालन भएका व्यवसाय दर्ता शिविर कार्यक्रममा जम्मा १ सय २४ नयाँ व्यवसाय दर्ता भएका छन भने २ सय ३५ व्यवसाय नविकरण गरिएका छन् ।

5= पूर्वाधार विकास : **"नगरको प्रतिष्ठा र समृद्धिको आधार : दर्शनीय र स्मरणीय पूर्वाधार "** भन्ने मुल नाराका साथ गत आर्थिक वर्ष देखि सञ्चालन गरिएको यस अभियानलाई आगामी आर्थिक वर्षमा पनि निरन्तर गर्दै पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

6= सघन शहरी विकास कार्यक्रम अन्तर्गत आ.व. २०७७/७८ देखि लमही नगरपालिकाका ९ वटै वडाहरुबाट संचालित सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत टिनको छाना लगाउनको लागि माग भए बमोजिम २७० जना लाभग्राहीहरु खरको छाना मुक्त भई टिनको छाना लगाइ सकेका छन भने आगामी आ.व.मा करिव एक हजार घरधुरीलाई खरको छाना मुक्त गर्ने गरी कार्यक्रम अगाडी बढाइएको छ ।

**अध्यक्ष महोदय,**

सदस्य ज्यूहरु,

उपस्थित सम्पूर्ण महानुभावहरु,

7= अब म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट सिमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| क्र. स. | श्रोत समूह | श्रोत | अनुमानित आय रु. |
|---|---|---|---|
| १ | संघीय सरकार | समानीकरण | १३ करोड ७५ लाख |
| २ | संघीय सरकार राजश्व बाँडफाँड | राजश्व बाँडफाँड | १३ करोड २४ लाख २९ हजार |
| ३ | संघीय सरकार समपूरक अनुदान | | ५० लाख |
| ४ | संघीय सरकार विशेष अनुदान | | - |
| ५ | संघीय सरकार शसर्त अनुदान | | २४ करोड १३ लाख |
| ६ | प्रदेश सरकार समानीकरण | समानीकरण | १ करोड ३ लाख ३९ हजार |
| ७ | प्रदेश सरकार सवारी साधन राजश्व बाँडफाँड | सवारी साधन राजश्व बाँडफाँड | - |
| ८ | प्रदेश सरकार शसर्त अनुदान | | १ करोड १९ लाख |
| ९ | प्रदेश सरकार समपुरक अनुदान | | १ करोड ५० लाख |
| १० | प्रदेश सरकार विशेष अनुदान | | - |
| ११ | आन्तरिक श्रोत | | ११ करोड १२ लाख |

| | | | |
|---|---|---|---|
| | | | ५० हजार |
| १२ | राजश्व बाँडफाँड स्थानीय | | १२ करोड ८ लाख ५० हजार |
| १३ | बैंक मौज्दात | आन्तरिक श्रोत | ५ करोड |
| १४ | प्रदेश सरकार | रोयल्टी | - |
| | **जम्मा रकम रु.** | | **८५ करोड ४५ लाख ७६ हजार ८ सय १९** |

अव म आगामी आर्थिक वर्ष २०८०/०८१ को विषयगत बजेट सिलिङ प्रस्तुत गर्ने अनुमति चाहन्छु।

| **क्र.सं.** | **विषयगत शाखा / क्षेत्र** | **रकम रु.** |
|---|---|---|
| 1 | प्रशासनीक खर्च | १५ करोड ५८ लाख ६० हजार |
| 2 | आ.ब २०७९/८० को भुक्तानी बाँकी रकम | १२ करोड |
| 3 | समपुरक कोष | ३ करोड |
| 4 | क्रमागत आयोजना | १० करोड |
| 5 | शिक्षा युवा तथा खेलकुद शाखा | १ करोड ८१ लाख |
| 6 | स्वास्थ्य शाखा | ७० लाख |
| 7 | कृषि शाखा | ५० लाख |
| 8 | पशु सेवा शाखा | ५० लाख |
| 9 | विपद् व्यवस्थापन तथा सरसफाई शाखा | २५ लाख |
| 10 | न्यायिक समिति | १५ लाख |
| 11 | पर्यटन शाखा | ५ लाख |
| 12 | विपद् व्यवस्थापन कोष | ७५ लाख |
| 13 | पूर्वाधार शाखा | ४ करोड ५० लाख |
| 14 | लमही अस्पताल | ५० लाख |

| | | |
|---|---|---|
| 15 | आयुर्वेद शाखा | १५ लाख |
| 16 | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | ३५ लाख |
| 17 | उपभोक्ता तथा हित संरक्षण शाखा | ७ लाख |
| 18 | सूचना तथा संचार प्रविधि शाखा | १० लाख |
| 19 | जनतासँग मेयर कार्यक्रम | ७५ लाख |
| 20 | जनतासँग उपमेयर कार्यक्रम | ६५ लाख |
| 21 | सुशासन तथा संस्थागत विकास शाखा | १० लाख |
| 22 | सहकारी शाखा | १० लाख १२ हजार ८ सय १९ |
| 23 | लघु उद्यम विकास कार्यक्रम | १० लाख |
| 24 | राजश्व शाखा | ७ लाख |
| 25 | लमहि नगरपालिका वडा नं. १ | ६० लाख |
| 26 | लमहि नगरपालिका वडा नं. २ | ६० लाख |
| 27 | लमहि नगरपालिका वडा नं. ३ | ६० लाख |
| 28 | लमहि नगरपालिका वडा नं. ४ | ६० लाख |
| 29 | लमहि नगरपालिका वडा नं. ५ | ६० लाख |
| 30 | लमहि नगरपालिका वडा नं. ६ | ६० लाख |
| 31 | लमहि नगरपालिका वडा नं. ७ | ६० लाख |
| 32 | लमहि नगरपालिका वडा नं. ८ | ६० लाख |
| 33 | लमहि नगरपालिका वडा नं. ९ | ६० लाख |
| 34 | लमही अस्पताल आन्तरिक-श्रोत तर्फ | १ करोड १८ लाख |
| | **कुल जम्मा रकम रु.** | **५९ करोड ३१ लाख ७२ हजार ८ सय १९** |

**अध्यक्ष महोदय,**

**सदस्य ज्यूहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

विश्व अर्थतन्त्रमा आएको मन्दिको कारण हाम्रो देश लगायत लमही नगरपालिका क्षेत्रमा समेत त्यसको प्रभाव देखिएको छ । चालु आर्थिक वर्षमा लमही नगरपालिकाको आन्तरिक राजश्व लक्ष्य भन्दा कम संकलन भएकाले चालु आर्थिक वर्षमा लक्षित आर्थिक वृद्धिदर हासिल गर्नु चुनौतिपूर्ण देखिएको छ।

नदि नाला लगायत अन्य प्राकृतिक स्रोत साधनको चोरी निकासी र राजश्व छली जस्ता समस्यालाई न्यूनिकरण गर्दै सिमित स्रोत र साधनको उच्चतम सदुपयोग गरी हाम्रा प्राथमिकता योग्य कार्यक्रमहरु गर्नु हाम्रो लागि चुनौतिपूर्ण देखिएपनि सबैको सहकार्यबाट आगामी दिनहरुमा लक्ष्य अनुरुप कार्य गर्न सक्षम हुनेछौं भन्ने विश्वास लिएको छु।

**अब म आर्थिक वर्ष २०८०/०८१ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

लमही नगरपालिकालाई नमूना नगरपालिका बनाउने उद्देश्य लिएर प्रस्तुत बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

क) **"नगर समृद्धीको आधार गुणस्तरीय तथा प्राविधिक शिक्षाको विस्तार"** भन्ने नारालाई आत्मसाथ गर्दै शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्ने ।

ख) लैङ्गिकमैत्री नगर निर्माण गर्ने ।

ग) आधुनिक उपकरण सहित सहज, शुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

घ) आधुनिक प्रविधि मार्फत स्थानीय उत्पादनलाई प्रवर्धन गर्दै कृषिमा आत्मनिर्भर नगर निर्माण गर्ने ।

ङ) लमही नगरपालिकालाई अण्डा, मासु र दुधमा आत्मनिर्भर बनाउन जोड दिने

च) स्थानीय स्तरमा उपलब्ध साधन स्रोत, श्रम शक्ति, पुँजी, प्रविधिको एकिकृत परिचालन गरी रोजगारी सिर्जना गर्दै समग्र नरपालिकाको विकासमा जोड दिने ।

छ) आर्थिक र सामाजिक रुपान्तरण मार्फत समावेशी, पारदर्शी र आत्मनिर्भर उन्मुख कार्यक्रम सञ्चालन गर्ने ।

ज) बैदेशिक रोजगारबाट फर्केकाहरुलाई कृषिमा अग्रसर हुने खालका कार्यक्रम सञ्चालन गर्ने।

झ) भौतिक पूर्वाधारले पूर्ण नगरपालिका बनाई लमही नगरपालिकाका जनताहरुलाई विकासको अनुभुति दिलाउने ।

**आर्थिक वर्ष २०८०/०८१ को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गर्न चाहन्छु ।**

ञ) स्थानीय सरकार सञ्चालन सम्बन्धि आवश्यक कानून निर्माण गरी सोहि अनुरुप कार्यक्रमहरु सञ्चालन गर्ने ।

ट) निजि क्षेत्र र स्थानीय सरकारको साझेदारीमा उत्पादकत्व र उत्पादनमा वृद्धि गर्दै आर्थिक सवलिकरणमा झोड दिने ।

ठ) भौतिक पूर्वाधार विकासका साथै सामाजिक, आर्थिक, नैतिक लगायत सम्पूर्ण क्षेत्रमा नागरिकले प्रत्यक्ष परिवर्तनको अनुभुति गर्न सक्ने गरी कार्य गर्ने ।

ड) कृषि खेतिलाई आधुनिक प्रविधि संग जोड्दै बेमौसमी र बगर खेतिका लागि कृषकलाई विशेष अनुदानको व्यवस्था गर्ने ।

ढ) वातावरण संरक्षण गर्दै विपद् व्यवस्थापन र जलवायु परिवर्तनबाट हुने जोखिम न्यूनिकरणको लागि विशेष पहल गर्ने ।

ण) सार्वजनिक सेवालाई प्रभावकारी, पारदर्शि, चुस्त र सुशासनयुक्त बनाउने ।

**अध्यक्ष महोदय,**
**सदस्य ज्यूहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरु,**

अब म आगामी आर्थिक वर्षको बजेटका मुख्य मुख्य विषयगत क्षेत्र अन्तर्गतका कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सामाजिक विकास : शिक्षा, स्वास्थ्य, खानेपानी, खेलकुद, सास्कृतिक प्रवर्धन र सामाजिक समावेशीकरण अन्तर्गत**

1= विद्यालयको शिक्षालाई अनुशासित मर्यादित र प्रभावकारी बनाउनका लागी नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा विद्युतिय हाजिरी, विज्ञान प्रयोगशाला र ICT Lab स्थापना गर्न व्यवस्था मिलाईएको छ ।

2= शैक्षिक गुणस्तर सुधार कार्यक्रम, उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति कार्यक्रम, सामुदायिक विद्यालयहरुको भौतिक मर्मत सुधार गर्ने कार्यक्रम, सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण वृद्धि गर्नका लागि प्राविधिक शिक्षा, अतिरिक्त क्रियाकलाप, खेलकुद र उत्कृष्ट विद्यालय, प्रध्यानाध्यापक, शिक्षक र विद्यालय कर्मचारीलाई सम्मान तथा पुरस्कार जस्ता कार्यक्रम मार्फत लमही नगरपालिकाको समग्र शैक्षिक प्रणालीमा सकारात्मक परिवर्तन ल्याउनको लागि शिक्षा तथा खेलकुद कार्यक्रमका लागि १ करोड ८१ लाख विनियोजन गरिएको छ ।

3= स्वास्थ्य सेवा मार्फत नगरवासीहरुलाई आधारभूत स्वच्छताको प्रत्याभूति गराउनको लागी विभिन्न स्थानमा नगरस्वास्थ्य केन्द्र भवन निर्माण गरिदै छ । सतबरीया र सोनपुर स्वास्थ्य चौकीमा ल्याव टेक्निसियन सहितको प्रयोगशाला सम्पन्न भईसकेको छ। सिकलसेल एनिमिया / थालासेमिया का विरामीहरुलाई प्रति महिना प्रति ब्यक्ति रु. ५००।- का दरले यातायात खर्च दिने कार्यक्रमलाई निरन्तरता दिदै कोल्ड सब सेन्टर (Cold Sub Centre) (अर्थात नियमित लगाईने सुई खोपहरुलाई तापक्रम सन्तुलनको लागि अत्यावश्यक हुने चिस्यान ठाउँ) सञ्चालनका लागि २ कोठे भवन निर्माण र आवश्यक सामाग्री खरिदका लागि स्वास्थ्य शाखामा रु. ७० लाख विनियोजन गरिएको छ ।

4= हिंसा प्रभावित महिला र बालबालिकाको लागि सेवा केन्द्र सञ्चालन, लैंगिक तथा अल्पसंख्यक सम्बन्धी कार्यक्रम, अपाङ्गता सहायक सामाग्री वितरण, ज्येष्ठ नागरिकलाई आवश्यक बाद्यबादन र फर्निचर सामाग्री वितरण, बालमैत्री नगर घोषणाका विभिन्न सुचकको कार्यान्वयन, बालबालिकाहरुका लागि सामाजिक संजाल साईवर क्राईम र लागु औषध दुर्व्यसनी सम्बन्धी कार्यक्रम सञ्चालनका लागि महिला बालबालिका तथा जेष्ठ नागरिक शाखामा रु. ३५ लाख विनियोजन गरिएको छ ।

5= नेपाली र थारु भाषामा स्थानीय रेडियो कार्यक्रम सञ्चालन, नगरपालिका संग टेलिभिजन कार्यक्रम, नयाँ सि सि टि भि जडान तथा मर्मत लगायत अन्य सूचना प्रविधिको क्षेत्रको विकासको लागि रु. १० लाख विनियोजन गरिएको छ ।

6= बिपद न्यूनिकरण तथा ब्यवस्थापन सम्बन्धि नमुना अभ्यास कार्यक्रम, बिपद प्रतिकार्य योजना अधावधिक, छाडा चौपायाको ब्यवस्थापन र नगर सफाइ अभियान संचालन (घरमै फोहर बर्गिकरण गर्न र प्लास्टिक नियन्त्रण कार्यक्रम) का लागि वन, वातावरण तथा विपद् व्यवस्थापन शाखामा रु. २५ लाख विनियोजन गरिएको छ ।

**आर्थिक विकास : कृषि, पशु, उद्योग, वाणिज्य, पर्यटन, सहकारी र वित्तिय क्षेत्र अन्तर्गतः**

1= कृषकहरुको आवश्यकता र मागलाई मध्यनजर गर्दै अन्य तरकारीको बीउ, बगर खेतिका लागि तरकारीको बीउ, उन्नत तथा हाईब्रिड जातको धानको बीउ, टि. पि. एस. आलुको बीयाँलाई ५० प्रतिशत अनुदानमा वितरण गर्ने, बाली संरक्षणका लागि ५० प्रतिशत अनुदानमा विभिन्न विषादिको वितरण गर्ने र ५० प्रतिशत अनुदानमा ईलेक्ट्रिक स्प्रे टंकी वितरण गर्ने उद्येश्यले कृषि शाखा अन्तर्गत रु. ५० लाख विनियोजन भएको छ ।

2= अन्डा, मासु र दुधमा आत्मनिर्भर नगरपालिका बनाउने उद्येश्यका साथ पशुपालक किसानलाई लागि कृत्रिम गर्भाधान गराएका गाई/भैसीलाई सुत्केरी स्याहार खर्च, दुध उत्पादक पशुपालक कृषकहरुलाइ ५ लि र १० लि क्षमताको मिल्क क्यान बितरण, ७५ प्रतिशत अनुदानमा बर्षिम र जै घाँसको बीउ वितरण, बाँझोपन तथा पशु स्वास्थ्य शिबिर सञ्चालन, तथा ७५%सहकार्यमा माछापालक कृषकहरुलाई मेशिनरि (एरिएटर) सामग्री बितरण गर्ने

कार्यक्रमका लागि पशु सेवा शाखामा रु. ५० लाख विनियोजन गरिएको छ ।

3= मध्यमकालीन खर्च संरचना (MTEF) निर्माण, लमही नगरपालिकाको लागि आवश्यक नीति कानुन निर्माण तथा संशोधन, नागरिक वडापत्र तथा सुझाव पेटीका व्यवस्थापन, साझा सरोकारका विषयमा देउखुरी उपत्यकाका ४ पालिकाहरु बिचमा अन्तरपालिका समन्वय बैठकहरुको लागि संस्थागत क्षमता विकास तथा सूशासन शाखामा रु. १० लाख विनियोजन गरिएको छ ।

4= प्रत्येक सहकारी संस्थाको कम्तिमा एक पटक निरिक्षण, अनुगमन तथा आवश्यकता अनुसार सघन अनुगमन कार्यक्रम, लमही नगर कार्यपालिका भित्र सुचना प्राविधी मैत्री सहकारी हेल्प डेक्स स्थपाना, सहकारी दिवस कार्यक्रम तथा उत्कृष्ट उत्दपादनमूलक सहकारी संस्थालाई पुरस्कार, सहकारी संस्थालाई कोपोमिस सम्बन्धि पुनर्ताजिकी तालिम संञ्चालनका लागि प्रशासन अन्तर्गत रहेको सहकारी शाखाको लागि रु. १० लाख १२ हजार ८ सय १९ विनियोजन गरिएको छ ।

**अध्यक्ष महोदय,**

**सदस्य ज्यूहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

**पूर्वाधार विकास : उर्जा, सञ्चार, सडक, पुल, सिंचाई, खानेपानी, भवन तथा सहरी विकास अन्तर्गत:**

1= बसन्तपुर बौराहामा खानेपानी व्यवस्थापनका लागि रु. ५० लाख विनियोजन गरिएको छ।

2= २ न वडा कार्यालय देखि सोनपुर पश्चिम गल्ली सम्म सडक कालोपत्रे गर्नका लागि रु. ४० लाख विनियोजन गरिएको छ ।

3= वडा नं. २ मा सानो नदी व्यवस्थापन को लागि रु. १० लाख विनियोजन गरिएको छ

4= वडा नं. ३ मा मजगाउँ कान्छी टोलमा र बनगाउँ टोलमा अधुरो सडक कालोपत्रेको लागि ५० लाख विनियोजन भएको छ ।

5= वडा न ४ मा रहेको चैलाही दामोदर सडक कालोपत्रेको लागि रु. ५० लाख विनियोजन गरिएको छ ।

6= वडा न ५ मा कोलही देखि बसन्तनगर जोड्ने बाटो स्तरोन्नतीको लागि रु. ५० लाख विनियोजन गरिएको छ ।

7= वडा नं. ६ मा लगडी पिपल चौतारा देखि जितेन्द्र चौधरीको घरसम्म सडक स्तरोन्नतीको लागि रु. ५० लाख विनियोजन गरिएको छ ।

8= वडा नं. ७ मा दामोदर सडक स्तरोन्नती हस्नापुरको लागि रु. ५० लाख विनियोजन गरिएको छ ।

9= वडा नं. ८ मा जहरे सतबरीया खानेपानीको लागि रु. ५० लाख विनियोजन गरिएको छ।

10= वडा नं. ९ मा अमिलिया दामोदर सडक स्तरोन्नतीको लागि रु. ५० लाख विनियोजन गरिएको छ ।

11= क्रमागत योजना तर्फ बाघधैलामा पक्की पुल निर्माण वडा नं. ३, बगई सोतामा पक्की पुल निर्माण वडा नं. ४, पशु सेवा केन्द्र निर्माण वडा नं. ५, कर्री सोतामा कल्भर्ट निर्माण वडा नं. ७, उचानिम्बु सडक कालोपत्रे वडा नं. ७, भत्तरकुण्डा खोलामा कल्भर्ट निर्माण वडा नं. ८, रिहार च्याउखोला सडक कालोपत्रे वडा नं. ९, आश्रय घर निर्माण र दिशाजन्य लेदो व्यवस्थापन ट्रिटमेन्ट प्लान्ट निर्माणको लागि समेत बजेट विनियोजन गरिएको छ ।

12= व्यवसाय दर्ता तथा नविकरण शिविर कार्यक्रम, नियमित बजार अनुगमन तथा सुपरिवेक्षण का लागि पनि केहि रकम विनियोजन गरिएको छ ।

13= मेयर र उपमेयरलाई जनतासंग नजिक बनाउने उद्येश्यले जनतासँग मेयर कार्यक्रम अन्तर्गत ७५ लाख र जनतासँग उपमेयर कार्यक्रमका लागि ६५ लाख रुपैंया विनियोजन गरिएको छ।

14= नेपाल सघन शहरी विकास कार्यक्रम अन्तर्गत सुरक्षित नागरिक आवास कार्यक्रमका लागि ९ वटा वडाहरुमा हालसम्म जम्मा २७० घरधुरीले खरको छाना विस्थापन गरी टिनको छाना लगाईसकेका छन् भने आगामी आर्थिक वर्षमा छनौटमा परेका करिव १००० जना लाभग्राहीहरुलाई क्रमश: खरको छाना मुक्त गरी टिनको छाना लगाउने गरी सन्झौता प्रकृया अगाडी बढेको छ ।

15= लमही नगरपालिकाका ९ वटै वडाहरुमा योजना तथा कार्यक्रम सञ्चालनका लागि प्रति वडा रु. ६० लाखको हिसाबले जम्मा रु. ५ करोड ४० लाख विनियोजन गरिएको छ।

16= चालु आर्थिक वर्षमा लमही क्षेत्रभित्र कुल ८.५ किलोमिटर सडक कालोपत्रे गर्ने सम्झौता भएबमोजिम आगामी आर्थिक वर्षमा समेत उक्त कार्य निरन्तर गर्दै लमही नगरक्षेत्र भित्रका सहायक सडक

लाई मूल सडकसँग जोड्दै लैजाने नीति अनुरुप कार्य अगाडी बढिरहेको छ।

17= नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना र विश्व बैंक बिचको सम्झौता बमोजिम २०७७/०७८ मा ३ वर्षिय योजना सम्पन्न गर्नका लागि प्राप्त भएको २२ करोड ५६ लाख ६८ हजार ११० रुपैंया मध्ये चालु आर्थिक वर्षमा १४ करोड बराबरको आयोजनाहरु सम्पन्न भई भुक्तानीको प्रकृयामा रहेका छन् भने आगामी आर्थिक वर्षमा समेत सो कार्य निरन्तर हुनेछ ।

**अध्यक्ष महोदय,**

**सदस्य ज्यूहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

लमही नगरपालिकाको आन्तरिक राजश्व लक्ष्य अनुरुप संकलन हुन नसकेको कारण बजेटले सबै क्षेत्र र विषयबस्तुलाई समेट्न नसकेतापनि आर्थिक वर्थ २०८०/०८१ को बजेटको कार्यान्वयनबाट नगरको समुचित विकास हुने, कृषि क्षेत्रका कृषकहरुलाई अनुदानमा आधारित कार्यक्रमबाट सहुलियत प्राप्त हुने, नागरिको आवश्यकता अनुसार पूर्वाधार निर्माणको क्षेत्रमा कार्यक्रम सञ्चालन हुने, स्वास्थ्य, शिक्षा, को क्षेत्रमा नागरिकका आवश्यकतालाई प्राथमिकतामा राखि कार्यक्रम सञ्चालन हुने र न्यायपूर्ण समाजको निर्माण हुने अपेक्षा लिएको छु ।

अन्त्यमा, लमही नगरपालिकाले आगामी आर्थिक वर्षमा सञ्चालन गर्न लागेका वार्षिक योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि वित्तिय सुधार र आर्थिक अनुशासनबाट कर छलि तथा प्राकृतिक स्रोतको चोरी निकासी नियन्त्रण भई सुन्दर, समृद्ध, र आत्मनिर्भर नगर बन्नेछ भन्ने विश्वास सहित आगामी आर्थिक वर्ष

२०८०/०८१ को बजेट निर्माण तथा कार्यान्वयनमा मार्गदर्शन गर्नुहुने **निवर्तमान नगरप्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य र नगर सभाका सदस्यहरु** साथै विषयगत समितिका पदाधिकारीहरु, विभिन्न राजनीतिक दलका पदाधिकारीहरु, संघ सस्था, बुद्धिजिवि, नागरिक समाज, व्यवसायी र राष्ट्रसेवक कर्मचारीहरुलाई सुझाव, सल्लाह र सकारात्मक सहयोगको अपेक्षा सहित सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

नमस्कार ।